आज मिति २०८१/०७/०५ गते सोमबारका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता एवं तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको छैठौं बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

उपस्थितिः

| क.स. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | ९८५७८२४७०६ | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | ९८६८६०८०३० | |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | ९८४९३५४५७९ | |
| ४ | श्री ललित घर्तीमगर | सदस्य | ९८५७८२४१४८ | |
| ५ | श्री बल बहादुर बुढामगर | सदस्य | ९८४१८७९४४८ | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | ९७४८७२०७५६ | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | ९८५७८६०३४४ | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | ९८५७८४२६७५ | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | ९८०६२३९७४८ | |
| १० | श्री ओसे कामी | सदस्य | ९८४४९०३९२० | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | ९८६६५०४५७५ | |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | ९८६५५९४१५१ | |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | ९८६८६७१४४० | |
| १४ | श्री ईश्वरी प्रसाद गौतम | सदस्य सचिव | ९८५७८२४६०१ | |
| १५ | कालिराम घर्ति | माडी-६ वडाध्यक्ष | [illegible] | |

आमन्त्रितः

श्री पहलमान वली अधिकृत

Scanned with CamScanner

बैठकका एजेण्डाहरुः

१. ऐन तथा कार्यविधि निर्माण सम्बन्धमा।
२. मेला महोत्सव व्यवस्थापन सम्बन्धमा ।
३. समिति गठन सम्बन्धमा ।
४. आर्थिक सहायता सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा पालिकाको विभिन्न विषयगत क्रियाकलापहरुलाई व्यवस्थित एवं कानून सम्मत रुपमा सम्पादन गर्न गराउनका लागि देहाय बमोजिमका ऐन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने निर्णय गरियोः

देहायः

१। स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन र कार्यविधि
२। घरजग्गा वर्गीकरण तथा नक्सा पास कार्यविधि

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा माडी गाउँपालिका भित्र सञ्चालन हुने कनैपनि किसिमका/प्रकृतिका मेला र महोत्सवको लागि पालिकाबाट अनुमति दिँदा सोको नियमानुसार दर्ता, नवीकरण लगाएतका वैद्यानिकता एकीन गरी अनुमति दिने र सो बाहेकका हकमा नियमानुसार हुनेगरी दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा देहायका संयोजक र सदस्यहरु रहनेगरी विभिन्न समितिहरु गठन गर्ने निर्णय गरियोः

देहायः

क। प्रशासकीय भवन सजावट व्यवस्थापन समितिः नवनिर्मित प्रशासकीय भवनको लागि फर्निचर लगाएतको अन्य व्यवस्थापकीय कार्य गर्ने प्रयोजनका लागि

| | |
|---|---|
| १. पहलमान वली, अधिकृत छैठौं | संयोजक |
| २. डम्बर बहादुर घर्तिमगर, सहायक पाँचौ | सदस्य |
| ३. दिपेन्द्र घर्तिमगर, सव ईन्जिनियर | सदस्य |

ख. महिला शान्ति सुरक्षा सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन उपसमितिः

| | |
|---|---|
| १. जयपुरी घर्तिमगर उपाध्यक्ष संयोजक | |
| २. त्रिपना घर्ति द्वन्द्व पीडित | सदस्य |
| ३. गुसरी बुढा राज्य पक्षबाट पीडित | सदस्य |
| ४. कमला कुमारी रेग्मी मनोविमर्शकर्ता | सदस्य |
| ५. सुन्दरी चौधरी स.म.वि. नि. | सदस्य सचिव |

नि. प्रमुख प्रशासकीय अधिकृत

अमरसिंह घर्तिमगर
गा.पा. अध्यक्ष



Scanned with CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा राष्ट्रिय स्तरको तेक्वान्दो प्रतियोगितामा सहभागिता जनाउँनको लागि तुर्कीस्तान गएका माडी गाउँपालिका वडा नं. ५ बस्ने श्री वसन्ती डाँगी लाई निजको आर्थिक अवस्था कमजोर भएकोले उक्त प्रतियोगितामा सहभागीता जनाउन निजलाई आर्थिक सहायता वापत गापाको विविध शीर्षकबाट रु ५०००० पचास हजार रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा देहायानुसार निर्णय गरियो:

१। हाल संघीय रिक्त दरबन्दिमा करार सेवामां कार्यरत रहेकी श्री तुलसा घर्तिमगरको स्थानमा हाल लुम्बिनी प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भएको हुँदा निजलाई मिति २०८१/७/५ गतेदेखि लागू हुनेगरी अवकाश पत्र दिने र तपसिल बमोजिमका अ.न.मी हरुलाई तपसिल बमोजिम कामकाजमा खटाउने:

- सि. अनमी श्री दिल कुमारी बुढामगर — माडी गा.पा स्वास्थ्य शाखा
- करार अनमी श्री रमिता बुढ — सामुदायिक स्वास्थ्य ईकाई माडी-२ व्याङ्ोला

२. गाउँपालिकाको प्रथम आवधिक योजना २०७६/७७-८०/८१ को समयावधि समाप्त भएको हुनाले दोस्रो आवधिक योजना २०८१/८२-२०८६/८७ तर्जुमाको लागि पालिकाबाट निर्माण भएको कार्यक्षेत्रगत शर्त स्वीकृत गरी तर्जुमाको बाँकी प्रक्रिया अगाडी बढाउने

website: www.madimunrolpa.gov.np Email: madimunrolpa@gmail.com phone:086416036

Scanned with CamScanner